आज मिति २०७८।१।२६ गते प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेको अध्यक्षतामा जिल्ला स्थित औषधि व्यवसायीहरू का प्रमुख तथा प्रतिनिधिहरू बीच औषधि तथा अन्य स्वास्थ्य सामाग्री सहज र सर्वसुलभ रुपमा उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिमको उपस्थिति भयो।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछाने
सहायक प्रमुख जिल्ला अधिकारी श्री राम बहादुर शाही
प्रमुख सेनानी श्री विज्ञान खनाल
प्रहरी उपरिक्षक श्री ओम प्रसाद अधिकारी
उप-अनु. नि. श्री ... खनाल
प्रमुख, स्वास्थ्य कार्यालय चितवन श्री दिपक तिवारी

महेश कुमार यादव उपाध्यक्ष केमिष्ट चितवन
मधु ढकाली सदस्य ,,
नारायण प्र. अर्याल सचिव केमिष्ट चितवन

विज्ञान पण्डित थोक व्यवसायी, (सचिव), भरतपुर
लक्ष्मीलाल श्रेष्ठ नेपाल औषधी व्यवसायी (महासचिव)
ईश्वर कु. भण्डारी ,, ,, अध्यक्ष
रामचन्द्र ढकाल नेपाल प्रै. प्र.का. प्र.अ.

निर्णय नं. १
जिल्लामा कोभिड-१९ उपचारमा प्रयोग हुने तथा अन्य रोगको उपचारमा प्रयोग हुने औषधि तथा स्वास्थ्य सामान अभाव हुन नदिने, कालो बजारी, कृतिम अभाव हुन नदिन, गैर कानुनी बिक्री वितरण हुन नदिने उपायको सम्बन्धमा छलफल गरियो।

क्रमश →

निर्णय नं. २

औषधि तथा सर्जिकल सामानको उपलब्धता, बिक्री वितरण लगायतको विषयमा हुने अनुगमन तथा कानून बमोजिम कारवाहीको लागि आवश्यक सहयोग गर्ने । औषधी व्यवसायी तथा सर्जिकल व्यवसायीले समेत अनुगमन गरी गैर कानूनी क्रियाकलाप नियन्त्रणमा सहयोग गर्ने ।

निर्णय नं. ३

बिल बिजक नभएका र MRP ब्याच नम्बर लगायतका आवश्यक विवरण उल्लेख नभएका औषधी तथा सर्जिकल उपकरण बिक्री वितरण नगर्ने ।

निर्णय नं. ४

जिल्लामा कोभिड- १९ लगायत अन्य रोगको उपचारमा प्रयोग हुने सबै प्रकारका स्वास्थ्य सामाग्री तथा औषधी अभाव हुन नदिन प्रर्याप्त मात्रामा औषधि आयात गरी अभाव हुन नदिन तथा सर्जिकल व्यवसायीले आवश्यक प्रवन्ध गर्ने ।

[signatures]